# स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि, २०७५

स्वीकृत मिति: २०७५। ०९।१३

**प्रस्तावनाः**

बालबालिका, युवा, वयस्क तथा प्रौढहरुको शारीरिक, मानसिक एवम् संवेगात्मक विकास तथा व्यवस्थापनका लागि खेलकुद अपरिहार्य रहेको र स्थानीय तहदेखि नै योजनाबद्ध रुपमा खेलाडीहरुको उत्पादन, विकास तथा व्यवस्थापनका लागि खेलकुद पूर्वाधारहरुको निर्माण गर्न आवश्यक देखिएकाले प्रत्येक स्थानीय तहमा दीर्घकालीन महत्वका एक/एक वटा खेलकुद पूर्वाधार निर्माण गर्न नेपाल सरकारले "स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि, २०७५" बनाएको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**- (१) यो कार्यविधिको नाम "स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि नेपाल सरकार,मन्त्रीपरिषदबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः**-विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "खेलकुद पूर्वाधार" भन्नाले स्थानीय तहमा खेलग्रामका रुपमा विकास गर्न आवश्यक खेल विधा अनुसारका खेल मैदान ( फुटबल मैदान, क्रिकेट मैदान, भलिबल मैंदान आदि),कर्भडहल, ट्र्याक एन्ड फिल्ड, वाकिङ रुट/फुट ट्रेल, स्वीमिङ पुल ,विचरण पार्क लगायतका खेलकुद पूर्वाधारलाई सम्झनु पर्दछ।

(ख) "परिषद्" भन्नाले राष्ट्रिय खेलकुद परिषद्लाई सम्झनु पर्दछ।

(ग) "प्रदेश खेलकुद निकाय" भन्नाले राष्ट्रिय खेलकुद परिषद् अन्तर्गत सम्बन्धित प्रदेशको खेलकुद सम्बन्धि काम गर्ने कार्यालय" सम्झनु पर्दछ।

(घ) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्दछ।

(ङ) "समितिको कार्यालय" भन्नाले जिल्ला खेलकुद विकास समितिको कार्यालय सम्झनुपर्दछ ।

(च) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका र महा-नगरपालिकालाई सम्झनु पर्दछ।

## परिच्छेद -२

## स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण गर्न स्थल छनौट सम्बन्धी व्यवस्था

३ . **खेलकुद पूर्वाधार स्थल छनौट** -(१) खेलकुद पूर्वाधार निर्माण सम्बन्धी सार्वजनिक स्थलको छनौट सम्बन्धित निर्वाचन क्षेत्रका प्रदेश सभा सदस्य र संघीय संसदका सांसदहरु समेतको परामर्शमा स्थानीय तह स्वयंले गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकुद पूर्वाधार स्थलको छनौट गर्दा देहायका आधारहरुलाई प्राथमिकता दिनुपर्नेछः-

(क) खेलकुद पूर्वाधार स्थलको छनौट गर्दा सम्भव भएसम्म सबै वडालाई पायक पर्ने र यातायात सुविधा भएको स्थललाई प्राथमिकता दिनु पर्नेछ।

(ख) खेलकुद पूर्वाधार स्थलको छनौट गर्दा वातावरणीय रुपले अनुकूल र प्राकृतिक विपद्को जोखिममुक्त स्थललाई प्राथमिकता दिनु पर्नेछ।

(ग) खेलकुद पूर्वाधार स्थल छनौट गर्दा खेलाडी , प्रशिक्षक तथा खेलकुद सम्बद्ध जनशक्तिको लागि आकस्मिक रुपमा हुने दुर्घटना र स्वास्थ्य समस्याको उपचार लगायतका सुविधालाई समेत ध्यान दिनु पर्नेछ।

(घ) खेलकुद पूर्वाधार स्थल स्थानीय तहको खेलकुद प्रतियोगिता र सम्भव भएसम्म जिल्ला स्तरीय खेलकुद प्रतियोगिताको आयोजना गर्न समेत मिल्ने हुनु पर्नेछ।

(ङ) खेलकुद पूर्वाधारको निर्माणका लागि उपत्यका , पहाड र हिमाली क्षेत्रमा सम्भव भएसम्म कम्तिमा २५ रोपनी जग्गा र तराई क्षेत्रमा कम्तिमा २ विगाहा जग्गा भएको हुनु पर्नेछ।

(च) शैक्षिक संस्थाहरुले हाल उपयोग गरिरहेका खेलकुद पूर्वाधारलाई कायमै राखी स्थानीय खेलकुद पूर्वाधारको रुपमा विकास नगरी सबैलाई उपयुक्त हुने छुट्टै स्थलमा स्थानीय खेलकुद पूर्वाधारको विकास गर्नु पर्नेछ।

(छ) खेलकुद ग्रामको रुपमा विकास गर्न खेल विधा अनुसारको संरचना क्रमिक रुपमा निर्माण हुँदा आवश्यकता अनुसार क्षेत्र विस्तार गर्न मिल्ने स्थान हुनु पर्नेछ ।

## परिच्छेद -३

## अनुदान सम्बन्धी व्यवस्था

४. **खेलकुद पूर्वाधार स्थलको निर्माणको लागि अनुदान रकम उपलब्ध गराउने सम्बन्धी व्यवस्थाः-**
(१) स्थानीय तहले खेलकुद पूर्वाधार स्थलको निर्माणका लागि नेपाल सरकारबाट तोकिएको रकम सशर्त अनुदानका रुपमा दुई वर्षमा प्राप्त गर्न सक्नेछ तर अनुदान रकम जग्गा खरिद गर्ने प्रयोजनका लागि खर्च गर्न सक्ने छैन ।

(२) निर्माण हुने खेलकुद पूर्वाधारको रकम लागत अनुमान अनुसार हुनेछ ।

(३) खेलकुद पूर्वाधार निर्माण गर्न प्रत्येक स्थानीय तहका लागि तोकिएको निश्चित रकमको संघबाट ७० प्रतिशत रकम उपलब्ध गराइनेछ र बाँकि ३० प्रतिशत रकम सम्बन्धित स्थानीय तहबाट व्यहोर्नु पर्नेछ।

(४) खेलकुदका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपका भौतिक संरचना निर्माण गराउन र देशभरका संरचनाहरुको सकभर एकरुपता कायम गराउन मन्त्रालयले नमूना डिजाइनहरु उपलब्ध गराउन सक्नेछ ।

५. **<u>खेलकुद पूर्वाधार निर्माण गर्नका लागि अनुदान प्राप्त गर्न निवेदन दिनुपर्नेः</u>**-(१) स्थानीय तहले खेलकुद पूर्वाधार निर्माणको लागि रकम प्राप्त गर्न जिल्ला खेलकुद विकास समितिको कार्यालय मार्फत् मन्त्रालयमा अनुसूची–१ बमोजिमको आवेदन फाराम भरी पठाउनुपर्नेछ।

(२) आवेदन फारामका साथ खेलकुद पूर्वाधार निर्माणका लागि स्थान किटान गरी सो सम्बन्धी गुरुयोजनाको ड्रइङ डिजाइन सहितको लगत इष्टिमेट संलग्न हुनुपर्नेछ।

(३) प्रस्तावित योजना जस्ताको तस्तै स्वीकृत गर्ने वा नगर्ने वा संशोधन सहित स्वीकृत गर्ने क्षेत्राधिकार मन्त्रालयलाई हुनेछ ।

६. **<u>खेलकुद पूर्वाधार निर्माणको रकम स्थानीय तहलाई उपलब्ध गराउनुपर्नेः</u>**-(१) नेपाल सरकारले स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण गर्न रकम विनियोजन गर्नेछ । यसरी विनियोजन भएको रकममध्येबाट प्राप्त आवेदनका आधारमा सम्बन्धित स्थानीय तहलाई लागत अनुमान अनुसार स्वीकृत प्रस्तावित योजनाको रकम उपलब्ध गराउनु पर्नेछ।

(२) सम्बन्धित स्थानीय तहको आवश्यकता,औचित्यता र संभावनालाई हेरेर प्रस्तावित योजनाको सम्झौता गर्ने नगर्ने अधिकार मन्त्रालयलाई हुनेछ ।

(३) स्थानीय तहलाई सम्झौता बमोजिमको रकम उपलब्ध गराउँदा दुई किस्तामा उपलब्ध गराइनेछ।

## परिच्छेद -४

## <u>अनुगमन</u>

७. खेलकुद पूर्वाधार निर्माण कार्यको अनुगमन मन्त्रालय,परिषद्,प्रादेशिक निकाय,समितिको कार्यालय र स्थानीय तहबाट हुनेछ।

८. अनुगमन गर्ने निकायले अनुगमनको प्रतिवेदन मन्त्रालय, प्रदेश र स्थानीय तहलाई बुझाउनु पर्नेछ।

९. अनुगमन प्रतिवेदनमा तोकिए बमोजिमको कार्य नभएको भन्ने देखिएमा स्थानीय तहले प्राविधिकहरुको सहयोगमा अवस्था यकिन गर्न लगाउन सक्नेछ ।

१०. दफा ९ बमोजिम अध्ययन गराउँदा समेत तोकिए बमोजिमको कार्य नभएको देखिएमा स्थानीय तहले अनुदान वापतको रकम रोक्का राख्न सक्नेछ।

## परिच्छेद -५

## लेखापरीक्षण गराउनुपर्ने

११. **अनुदान रकमको लेखापरीक्षणः**-(१) स्थानीय तहले यस कार्यविधि बमोजिम प्राप्त खेलकुद पूर्वाधार निर्माण अनुदान रकमको लेखापरीक्षण प्रचलित कानुन बमोजिम गराउनुपर्नेछ।

(२) खेलकुद पूर्वाधार निर्माण कार्यको लेखापरीक्षण प्रतिवेदन स्थानीय तहले मन्त्रालय, प्रदेश र परिषदमा पठाउनु पर्नेछ।

## परिच्छेद -६

## विविध

१२. **समिति गठन गर्न सक्नेः**-(१) स्थानीय तहले यस कार्यविधि बमोजिम खेलकुद पूर्वाधार निर्माण कार्य गर्न एक उपसमिति गठन गर्न सक्नेछ।

१३. **कार्यविधि कायम रहने अवधिः**-(१) यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भएको मितिले खेलकुद पूर्वाधार निर्माण कार्य सम्पन्न भई संचालन रहेसम्म कायम रहने छ।

(२) स्थानीय तहमा निर्मित खेलकुद पूर्वाधारको संरक्षण, मर्मत, संभार र प्रवर्द्धन सम्बन्धी कार्य सम्बन्धित स्थानीय तहले नै गर्नुपर्नेछ।

१४. **प्रचलित कानुन बमोजिम खर्च गर्नुपर्नेः**-यस निर्देशिका बमोजिम स्थानीय तहले प्राप्त गर्ने अनुदानको रकम प्रचलित कानुन बमोजिम खर्च गर्नुपर्नेछ।

१५. **अनुदानको रकम सदुपयोग गर्नुपर्नेः**-(१) स्थानीय तहले प्राप्त अनुदानको रकम आफ्नो खातामा आम्दानी बाँधी जुन प्रयोजनका लागि प्राप्त भएको हो, सोही प्रयोजनमा मात्र खर्च उपयोग गर्नुपर्नेछ।

१६. **कार्य सम्पन्न प्रतिवेदन दिनुपर्नेः**- स्थानीय तहले खेलकुद पूर्वाधार निर्माण सम्पन्न भएपछि सोको वार्षिक प्रतिवेदन मन्त्रालय र परिषद्को कार्यालयमा दिनु पर्नेछ।

१७. **कार्यविधि संशोधनः** (१) यस कार्यविधिमा भएका व्यवस्थाहरु संशोधन गर्न आवश्यक देखिएमा मन्त्रालयले संशोधन गर्न सक्नेछ।

## अनुसूची – १
### (स्थानीय तहले दिने आवेदनको ढाँचा)

मितिः

**विषयः खेल पूर्वाधार आयोजना सम्बन्धमा।**

श्री युवा तथा खेलकुद मन्त्रालय,
सिंहदरबार, काठमाडौं।
मार्फत्
श्री जिल्ला खेलकुद विकास समितिको कार्यालय, ..................।

महोदय,

प्रस्तुत विषयमा यस महानगरपालिका/ उप-महानगरपालिका/ नगरपालिका/ गाउँपालिकामा खेल पूर्वाधार विकासका लागि खेल पूर्वाधार विकास आयोजना आवश्यक परेकाले तपसिल बमोजिमको विवरण सहित यो आवेदन पेश गरिएको छः

**तपसिलः**

१. खेल पूर्वाधार निर्माण स्थलः
   जिल्ला- नगर/गाँउपालिका-
   वडा- स्थानीय प्रचलित नाम-
२. प्रस्तावित खेल पूर्वाधार निर्माण गरिने जग्गाको (क) क्षेत्रफलः (ख) स्वामित्व
३. प्रस्तावित खेल आयोजनाहरुको विवरणः
   -
   -
४. प्रस्तावित आयोजनाको लागत अनुमान रकम रु.
५. खेल पूर्वाधार आयोजनाको कम्तिमा ३०% रकम स्थानीय तहले व्यहोर्ने निर्णय मितिः

प्रमुख प्रशासकीय अधिकृतको नामः
हस्ताक्षरः
मितिः

प्रमुखको नामः
हस्ताक्षरः
मितिः

कार्यालयको छाप

आवेदनका साथ संलग्न गर्नुपनर्ने कागजातहरु

१. खेल पूर्वाधार निर्माणका लागि नगर/गाँउ कार्यपालिकाको निर्णय प्रमाणित प्रतिलिपि
२. खेल आयोजनाहरुको drawing design र संक्षिप्त लागत स्टिमेट
३. खेल पूर्वाधार आयोजनाको कम्तिमा ३०% रकम स्थानीय तहले व्यहोर्ने प्रतिबद्धता पत्र
४. खेल पूर्वाधार निर्माण स्थलको जग्गा धनीपूर्जाको प्रतिलिपि
५. निजी वा कुनै संस्थाको जग्गा भए कम्तिमा २० वर्ष प्रयोग गर्ने गरी गरिएको सम्झौताको प्रमाणित प्रतिलिपि